# शुक्लाफाँटा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः १ मितिः २०७७/०२/१५ गते

## भाग-२

## शुक्लाफाँटा नगरपालिकाको अनुगमन तथा मुल्याङ्कन कार्यविधि, २०७७

नगरकार्यपालिकाबाट स्विकृत मितिः २०७७।२।११

**प्रस्तावना**

शुक्लाफाँटा नगरपालिकाद्धारा संचालित योजना, आयोजना तथा कार्यक्रमहरुलाई अनुगमन तथा मुल्याङ्कनको माध्यमबाट पारदर्शी, दीगो र जनसहभागितामूलक बनाई सुशासन प्रवर्द्धन गर्दै नतिजामुखी बनाउन वान्छनीय भएकोले शुक्लाफाँटा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी शुक्लाफाँटा नगरकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम"शुक्लाफाँटा नगरपालिकाको अनुगमन तथा मुल्याङ्कन कार्यविधि २०७७"रहेकोछ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यविधि" भन्नाले शुक्लाफाँटा नगरपालिकाको अनुगमन तथा मुल्याङ्कन कार्यविधि, २०७७ लाई सम्झनु पर्छ ।

(ख)"नगरपालिका" भन्नाले शुक्लाफाँटा नगर कार्यपालिकाको कार्यालय, कंचनपुरलाई सम्झनुपर्छ ।

(ग)"अनुगमन"भन्नालेयोजना, आयोजना तथा कार्यक्रमहरुमा लगानी तथा साधनको प्रवाह समुचित ढङ्गले भएको छ / छैन र कार्यतालिका अनुसार क्रियाकलापहरु कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल भएको छ /छैन भनी नगरकार्यपालिकाद्धारा तोकिएका पदाधिकारी तथा कर्मचारीहरु द्धारा निरन्तर र आवधिक रुपमा निगरानी राख्ने कार्यलाई सम्झनु पर्छ ।

(घ)"मुल्याङ्कन" भन्नालेकार्यान्वयनगरिएकायोजना, आयोजना तथा कार्यक्रमहरु हालको समयमा के कति सान्दर्भिक, लाभदायी र

प्रभावकारी छन् तथा के कस्ता उपलव्धी एवं प्रभावहरु हासिल भएका छन भन्ने कुरा लेखाजोखा गर्ने कार्य सम्झनु पर्छ।

(ङ)"अनुगमन मूल्यांकन समिति" भन्नाले दफा ३ को उपदफा (१) बमोजिम गठित नगरपालिका स्तर को अनुगमन तथा मूल्यांकन समिति सम्झनुपर्दछ।

## परिच्छेद- २
## अनुगमन तथा मूल्याङ्कन समिति

३. **अनुगमन तथा मूल्याङ्कन समितिः** (१) नगरपालिकामा सञ्चालित योजना, आयोजना तथा कार्यक्रमहरुलाई नतिजामुखी बनाउन देहायका सदस्यहरु रहेको एक अनुगमन तथा मूल्याङ्कन समिति रहनेछः

(क) नगरपालिकाको उप प्रमुख —संयोजक
(ख) प्रमुख प्रशासकीय अधिकृत — सदस्य
(ग) वडा अध्यक्षहरुमध्ये १ जना — सदस्य
(घ) कार्यपालिका सदस्यहरु मध्ये १ जना — सदस्य
(ङ) पूर्वाधार विकास समिति संयोजक — सदस्य
(च) पूर्वाधार विकास महाशाखा प्रमुख —सदस्य
(छ) योजना तथा अनुगमन शाखा प्रमुख — सदस्य सचिव

तर, उक्त समितिका सदस्यका अतिरिक्त योजनाहरुको गुणस्तरियता कायम गर्नका लागि नगर प्रमुख स्वमः वा प्रतिनिधि खटाई योजनाहरुको विशेष अनुगमन गर्न वाधा पुगेको मानिने छैन ।

(२) नगरपालिका वा वडा स्तरबाट संचालित योजनाहरुको हकमा योजनाको सार्वजानिक परिक्षण गर्दा नगरपालिकाबाट तोकिएका प्रतिनिधिको रोहबरमा गर्नु पर्नेछ र सो समयमा योजना अनुगमन समितिका पदाधिकारीको समेत उपस्थिती हुनुपर्नेछ ।

(३) वडा स्तरमा संचालित कुनैपनि योजनाहरुको अनुगमन मुल्याङकन वडा समितिबाट पनि निरन्तर रुपमा गरिनेछ । उक्त्त अनुगमनमा देखिएका कुराहरु वडा अध्यक्ष मार्फत नगर स्तरीय अनुगमन समिति समक्ष पेश गरिनेछ ।

(४) वडा स्तरीय मोजनाको अनुगमन सुपरिवेक्षण गर्दा सम्बन्धित वडाका वडा अध्यक्षलाई आमन्त्रित सदस्यको रुपमा राख्न सकिने छ।

(५) योजनाको प्रकृति अनुसार योजनाको गुणस्तरियता कायम गर्न सम्बन्धित विषयमा दक्ष कर्मचारी आवश्यक पर्ने भए, सो योजना अनुगमनमा प्रमुख प्रशासकीय अधिकृतले तोकेको नगरपालिकामा कार्यरत कर्मचारीलाई समेत सहभागी गराउन सकीनेछ ।

**४.अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकारः**

(१)दफा ३ को उपदफा (१) वमोजिम गठित नगरपालिका स्तरको अनुगमन तथा मुल्याङ्कन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) नगरपालिकामा सञ्चालित आयोजना तथा कार्यक्रमको नियमित वा आवधिक अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ख) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा नगर सभा तथा नगर कार्यपालिकाबाट भएका निर्णय तथा निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने ।

(ग) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा उत्पन्न भएका विवादहरु व्यवस्थापन गर्ने ।

(घ) अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन तयार गरी पेश पेश गर्ने

(ङ) नगर सभा, नगर कार्यपालिका तथा नगर प्रमुखले तोकेका योजना अनुगमन सम्बन्धि अन्य कार्यहरु गर्ने ।

(च)अन्तिम अनुगमन तथा मुल्याङ्कनका क्रममा उपभोक्ता समिति वा प्राविधिकबाट कुनै किसिमको मात्रात्मक वा गुणात्मक कमी कमजोरी गरेको वा प्राविधिक इस्टिमेट बमोजिमको कार्य नभएको पाईएमा कार्वाहीका लागी सिफारिस गर्ने ।

**५.आयोजनाको प्रभावमूल्याङ्नः** (१) रु. पाँच करोड भन्दा बढी लागतका आयोजनाहरुको योजना सम्पन्न भएको २ वर्षभित्र तेस्रो पक्षबाट प्रभाव मूल्याङ्न गराउनु पर्नेछ ।

(२) नगर भित्र संचालित योजनाहरुको अनुगमन आवश्यकता अनुसार सबैतहबाट गरिने छ।

(३) वडा स्तरीय समितिबाट प्राप्त अनुगमन मुल्याङकनका् आधारमा भएको सिफारिस उपर कुनै गुनासो आएमा वा आवश्यक ठानेमा नगर स्तरीय समितिबाट अनुगमन गरिनेछ ।

## परिच्छेद-३

## अनुगमन तथा मुल्याङ्कन सुविधा

**६.अनुगमन तथा मुल्याङ्कन सुविधा**ः (१)दफा ३ को उपदफा (१) बमोजिमको अनुगमन तथा मुल्याङ्कन समितिको पदाधिकारी तथा कर्मचारीहरुलाई योजना अनुगमन गरे वापत रु. १५००।०० दैनिक भत्ता उपलब्ध गराईनेछ ।

## परिच्छेद- ४

## अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन

**७.अनुगमन तथा मुल्याङ्कन प्रतिवेदनः**(१) दफा ३ को उपदफा(१)बमोजिम गठित अनुगमन तथा मूल्याङ्कन समितिले अनुगमन गरेको प्रत्येक योजनाको लागि अनुसूचि-१

बमोजिमको ढाँचामा अनुगमन तथा मुल्याङ्कन फाराम भरी तयार गर्नुपर्नेछ।

(२) अनुगमन समितिको संयोजकले योजना अनुगमन तथा मूल्याङ्कनको चौमासिक तथा वार्षिक प्रतिवेदन नगर प्रमुख मार्फत कार्यपालिकामा पेश गर्नु पर्नेछ।

## परिच्छेद-५

## विविध

**८.बाधा अडकाउ् फुकाउ तथा संशोधनः** (१) यो कार्यविधि कार्यान्वयनको सन्दर्भमा कुनै बाधा अडकाउ परेमा नगर कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

(२) यस कार्यविधिमा थपघट गर्ने अधिकार प्रचलित कानुनको अधिनमा रही नगर कार्यपालिकाको हुनेछ ।

अनुसूची-१

परिच्छेद ४ को दफा ७ संग सम्बन्धित

## योजना अनुगमन समितिको प्रतिवेदन

श्री नगर प्रमुख ज्यू

शुक्लाफाँटा नगरपालिका

कंचनपुर

शुक्लाफाँटा नगरपालिकाको नगर सभाले आ. व. ............... मा संचालनका लागि पारित गरेको तपसिल बमोजिमको योजना संचालन पश्चात नगर स्तरीय/वडा स्तरीय अनुगमन टोलीले योजनाको अनुगमन गरी पेश गरेको अनुगमन प्रतिवेदन

१. योजनाको नामः- .......................................

२. योजना संचालन भएको स्थानः- ................................

३. विनियोजित रकमः- ................ जनश्रमदान .................. कुल लागत .............अनुगमन मितिः ...................

४. सम्झौता मितिः- ...................... सम्पन्न गर्नुपर्ने मिति ..................... सम्पन्न भएको मिति

**५. अनुगमनका क्रममा देखिएका कुराहरुः-**

| क्र. स. | व्यहोरा | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १ | स्विकृत लागन अनुमान बमोजिमको कार्य | | | |
| २ | उपभोक्ता समितिको तर्फबाट जनश्रमदान | | | |
| ३ | सार्वजनिक परीक्षण(उपस्थित संख्या समेत उल्लेख गर्ने) | | | |
| ४ | आयोजना सूचना पाटि(सबैले देख्ने ठाँउमा) | | | |

**६. आयोजना संचालनमा देखिएका समस्याहरुः-**

१. ......................................................

२. ......................................................

**७. अनुगमन समितिको सुझावहरु**

१. .....................................................

२. .....................................................

.............................................................

उपभोक्ता समिति अध्यक्ष/पदाधिकारिको दस्तखत

नामः.....................................................

**८. अनुगमन समितिको निष्कर्षः**

.........................................................................................................

**९. अनुगमनमा संलग्न पदाधिकारीहरु**

| क्र.स. | नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |

**आमन्त्रितः**

| क्र. स. | नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

**आज्ञाले,**

**विशनसिंह थापा**

**प्रमुख प्रशासकीय अधिकृत**